जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १२८ २०८२ साल पुस ३ गते बिहीबार (18 Dec 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वैदेशिक रोजगारबाट फर्कन्ने. ३ पृष्ठमा : वित्तीय सङ्घीयता कार्यान्वयन... ३ पृष्ठमा : ट्रम्पद्वारा थप सात देश र...



आन्तरिक राजश्व कार्यालय पुनः स्थापनाको माग गर्दै विगत ६ दिनदेखी राजविराजस्थित गजेन्द्र चौकमा जारि रिले अनसनमा बुधबार राष्ट्रिय मुक्ति पार्टीका नेता तथा स्थानीय जनप्रतिनिधीहरु सहभागिता जनाउँदै । *तस्बिर : राजविराज दैनिक*

## प्रदेशका दुई उपसचिवसहित ७२ जना कर्मचारी कारबाहीमा

**दैनिक समाचारदाता**
**जनकपुर, २ पुस ।**

मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिदको कार्यालयबाट प्रदेश सरकारका १८ वटा कार्यालयहरुमा कर्मचारीहरुको उपस्थिति र पोषाकको छड्के निरीक्षण गरिएको छ ।

प्रदेश सरकारका अर्थमन्त्री महेश प्रसाद यादवका अनुसार सो निरीक्षणका क्रममा मंगलबार ४८ जना र बुधवार २४ जना गरी ७२ जना कर्मचारी कारबाहीमा परेका छन् । जसमध्ये उपसचिव २ जना, शाखा अधिकृत ४१ जना, नायब सुब्बा १६ जना, खरिदार ४ जना, सवारी चालक ३ जना र कार्यालय सहयोगी ६ जना छन् ।

कारबाहीमा परेका कार्यालयहरुमा प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा १ जना, कृषि ज्ञान केन्द्रमा १ जना, प्रदेश वन निर्देशनालयमा १ जना, खेलकुद तथा समाज कल्याण मन्त्रालयमा ९ जना, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा ४ जना, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ३ जना, शिक्षा तथा संस्कृति मन्त्रालयमा ५ जना, गृह सञ्चार तथा कानुन मन्त्रालयमा १ जना, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयमा ८ जना, वन तथा वतावरण मन्त्रालयमा ६ जना भौतिक पूर्वाधार विकास मन्त्रालयमा ५ जना छन् ।

त्यस्तै उर्जा सिँचाई तथा खानेपानी मन्त्रालयमा ३ जना, डिभिजन वन कार्यालयमा २ जना, पूर्वाधार विकास कार्यालयमा ८ जना, भेटेरिनरी अस्पताल तथा पशु सेवा विकास केन्द्रमा २ जना, प्रदेश लेखा नियन्त्रक कार्यालयमा ४ जना, जलस्रोत तथा सिँचाई विकास डिभिजनमा ८ जना कारबाहीमा परेका हुन् ।

कारबाहीमा परेकामध्ये पुरुष कर्मचारी ५५ जना रहेका छन् भने महिला कर्मचारी १७ जना रहेको मन्त्री यादवले जानकारी दिए ।

कारबाहीमा परेकामध्ये पूर्व स्वीकृति बेगर अनुपस्थित ३४ जना रहेका छन् जसमध्ये पुरुष २२ जना र महिला १२ जना रहेका छन् । यसैगरी तोकिएको पोषाक नलगाएको ३८ जना भेटिएका छन् जसमध्ये पुरुष ३३ जना र महिला ५ जना रहेका छन् । दुई जना कर्मचारी कार्यालयमा उपस्थित भएको तर हाजिर नगरेको र तोकिएको पोषाक नलगाएको भेटिएका उनले बताए ।

छड्के निरीक्षण गरिएको मध्ये पशु सेवा तालिम केन्द्रका कर्मचारी रुजु हाजिर र तोकिएको पोषाकमा उपस्थित थिए । पूर्वस्वीकृति बेगर अनुपस्थित भएका र तोकिएको पोषाक नलगाएका कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गरी सो जानकारी दिन मुख्यमन्त्री तथा मन्त्रिपरिदको कार्यालयबाट सम्बन्धित निकायमा कर्मचारीको विवरण सहित पत्राचार गरिएको मन्त्री यादवले बताए ।

निरीक्षणलाई निरन्तरता दिई मधेश प्रदेशका बाँकी ७ वटा जिल्लामा समेत निरीक्षण गर्न टोली खटाईने तथा हाजिरी र पोषाक बाहेक सेवा प्रवाह र विकास निर्माण कार्यको समेत निरीक्षण र अनुगमन गरिने मन्त्री यादवको भनाई छ ।

## दुई पुरुष मृत अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

सप्तरीको छुट्टाछुट्टै दुई स्थानमा दुई जना पुरुष मृत अवस्थामा फेला परेका छन् ।

जिल्लाको सप्तकोशी नगरपालिका वडा नं. १ फत्तेपुर घर भएका ५० बर्षीय रविराज नेपाली मृत अवस्थामा फेला परेका हुन् ।

मंगलबार विहान ११ बजे आफ्नो घर देखि दुई किलोमिटरमा रहेको खेतमा काम गर्न जान्छु भन्दै निस्केका थिए । बेलुका घर फर्की नआउँदा खोजतलासका क्रममा स्थानिय भिम खतिवडाको वडा नं. २ टेङ्ग्रास्थित रहेको खेतको आलीमा मंगलबार साँझ रविराज मृत अवस्थामा भेटिएको इलाका प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

यस्तै जिल्लाकै सुरुङ्गा नगरपालिका वडा नं. ६ राम टोल घर भएका ३९ बर्षीय दिलिप राम बुधबार विहान मृत अवस्थामा फेला परेका छन् ।

राम सोही वडाको वडा कार्यालय जाने बाटो छेउमा घोप्टी परी बुधबार विहान मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

दुबै घटना बारे थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## ध्यान दिवसमा धार्मिक समारोह हुने




**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

धार्मिक समारोहका आयोजक विदेह फाउण्डेशनले बुधवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गर्दै शान्ति र मानव कल्याणको कामनासहित पुस ६ गते देखी सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा ध्यान शिविर तथा प्रवचन र भजन लगायतका धार्मिक समारोह हुने जनाएको छ ।

पत्रकार सम्मेलनमा फाउण्डेशनका संस्थापक मिहिर

*बाँकी अन्तिम पृष्ठमा*

## सभामुख पदका लागि पुस ६ गते निर्वाचन हुने

**दैनिक समाचारदाता**
**जनकपुर, २ पुस ।**

मधेस प्रदेशमा लामो समयदेखि रिक्त रहेको सभामुख पदका लागि पुस ६ गते निर्वाचन हुने भएको छ ।

पुस ६ गते बस्ने प्रदेशसभा बैठकमार्फत निर्वाचन प्रक्रियाबाट सभामुख चयन गरिने उपसभामुख बबिता राउतले जानकारी दिएकी छन् ।

उनका अनुसार सभामुख चयनका लागि आवश्यक निर्वाचनसम्बन्धी प्रक्रिया सूचना

*बाँकी दुई पृष्ठमा*

## एक सय ७६ किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**पर्सा, २ पुस ।**

पर्सा प्रहरीले एक सय ७६ किलोग्राम गाँजा बोकेको पिकअप भ्यानसहित चालकलाई पक्राउ गरेको छ ।

भ्यानका चालक रामेछाप खडादेवी गाउँपालिकाका २८ वर्षीय सुबराज श्रेष्ठ पक्राउ परेका हुन् ।

प्रहरी निरीक्षक अमृतबहादुर बस्नेतका अनुसार वीरगञ्ज महानगर १७ अलौबाट बा२१च ७८५५ नम्बरको भ्यानमा परालले लुकाइराखेको एक सय ७६ किलो गाँजा बरामद भएको हो ।

**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।**

जाडो तथा चिसोको समयमाः

❖ मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
❖ बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
❖ चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
❖ तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
❖ शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
❖ घर तथा कोठा न्यानो बनाऔं।
❖ नियमित घाम ताप्ने गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### डिजेको आवाजप्रति सर्तक रहौं

आजभोलि विवाह, उत्सव, जन्मदिनदेखि राजनीतिक तथा धार्मिक कार्यक्रमसम्म डिजे बजाउने चलन अत्यधिक बढेको छ। मनोरञ्जनका नाममा बजाइने चर्को आवाजले समाजमा गम्भीर समस्या सिर्जना गरिरहेको छ। डिजे मनोरञ्जनको साधन भए पनि यसको अनियन्त्रित प्रयोगले मानव स्वास्थ्य, सामाजिक सद्भाव र कानुनी व्यवस्थामाथि प्रतिकूल असर पारिरहेको छ। चर्को डिजे आवाजले विशेषगरी बालबालिका, वृद्धवृद्धा, बिरामी तथा विद्यार्थीहरूलाई प्रत्यक्ष असर गर्छ। यता परीक्षा तयारीमा जुटेका विद्यार्थीहरूका लागि यस्तो ध्वनि प्रदूषण झनै बाधक बन्ने गरेको छ।

उच्च आवाजले श्रवणशक्ति कमजोर बनाउने, टाउको दुख्ने, मानसिक तनाव बढाउने, अनिद्राको समस्या ल्याउने जस्ता स्वास्थ्य जोखिम देखिएका छन्। यसका साथै, राति ढिलोसम्म बजाइने डिजेले शान्ति सुव्यवस्थामा समेत खलल पुर्‍याउँछ। छिमेकीबीच विवाद बढ्ने, झगडा हुने र कहिलेकाहीँ कानुनी समस्यासमेत उत्पन्न हुने गरेका उदाहरण प्रशस्त छन्।

शान्त, स्वस्थ र मर्यादित समाज निर्माणका लागि डिजेको आवाजमाथि नियन्त्रण अपरिहार्य छ। स्थानीय तहले समय र आवाजको सीमा तोके पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन। तसर्थ सरकार र स्थानीय प्रशासनले ध्वनि प्रदूषणसम्बन्धी कानुन कडाइका साथ लागू गर्न जरुरी छ। अनुमति बिना तथा तोकिएको समयभन्दा बाहिर डिजे बजाउने कार्यमा कारबाही हुनुपर्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वैदेशिक रोजगारबाट फर्कने महिलाहरूमा मानसिक र सामाजिक समस्या बढ्दो

**मोहम्मद सदरुल**
विराटनगर, २ पुस (रासस)।

सुनसरी रामधुनी नगरपालिका-१ की सकुन्तला अधिकारी १० वर्ष खाडीमुलुक कुवेतको एक घरमा श्रम गरेर फर्किनुभयो, तर घर फर्केपछि उहाँले चरम सङ्घर्ष गर्नुपर्‍यो। घरपरिवार र समाजले हेर्ने दृष्टिकोण सहज नहुँदा अन्तर्जातीय विवाह गरेकी सकुन्तलाले मानसिक तनावमा जीवन बिताउनुपरेको थियो।

मोरङ केराबारी-१० की जीवनकुमारी राई पटकपटक वैदेशिक रोजगारमा जानुभयो। कमाइ पनि ठीकै भयो, तर घर फर्केपछि परिवारमा कुरा मिल्न सकेन र समाजमा पुनःस्थापित हुन निक्कै चुनौतीको सामना गर्नुपर्‍यो।

सकुन्तला र जीवनकुमारी मात्र होइन वैदेशिक रोजगारबाट फर्केकाहरूले समाजमा पुनःस्थापित हुनका लागि चुनौती खेप्नुपरिरहेको छ। जसले गर्दा उनीहरू मानसिक तनाव मात्र बढेको छैन, उनीहरूले विदेशमा सिकेको सीप र अनुभव पनि खेर गइरहेको छ।वैदेशिक रोजगारीबाट फर्केकाहरूले पारिवारिक र सामाजिक समस्याका साथै आर्थिक समस्या पनि भोग्न परिरहेको देखिन्छ।

इलामको सूर्योदय नगरपालिकामा पारिवारिक परामर्शदाताका रूपमा कार्यरत ईश्वरी तामाङले वैदेशिक रोजगारीबाट फर्केकाहरूको समस्याका बारेमा भन्नुभयो, "विदेशमा बस्दा नियमित पैसा आउने, खर्च गर्ने शैली पनि फरक हुने तर यहाँ फर्केपछि नियमित आम्दानी नहुने, काम गर्दा पाउने पारिश्रमिक बचत नहुने र खर्च गर्ने योजना पनि नमिल्ने गरेकाले उहाँहरूमा आर्थिक तथा पारिवारिक समस्या आउँछ।"

यिनै समस्यालाई मनन गर्दै नेपाल सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई समाजमा पुनः एकीकरणको कामलाई नीतिगत रूपमा प्राथमिकता दिएको छ। यसका लागि सरकारले हरेक स्थानीय तहमा स्थापना गरेको रोजगार सेवा केन्द्रले सङ्घीय सरकारको नीतिगत प्राथमिकतालाई कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

बोलचालमा 'रिटर्नी' भनिने वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूका लागि सहयोगको प्रारम्भिक विन्दुको रूपमा रोजगार सेवा केन्द्रले काम गर्न थालेको छ। कोशी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका अनुसार, रोजगार सेवा केन्द्रले उनीहरूलाई आर्थिक तथा सामाजिक रूपमा समाजमा पुनःएकीकरणका लागि आर्थिक, मनोसामाजिक तथा पारिवारिक परामर्श, रोजगारी र उद्यमशीलता मार्गदर्शन, वैदेशिक रोजगारीबाट ल्याएको सीप, अनुभव र बचतको स्वदेशमा प्रभावकारी उपयोग गर्न मद्दत गर्ने काम गर्छ।

कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख शम्भुप्रसाद साहले वैदेशिक रोजगारबाट फर्कनेहरूलाई समाजमा पुनःएकीकरण गर्नुपर्ने कार्यको गम्भीरतालाई मनन गर्दै मन्त्रालयले इमानदारीपूर्वक कार्यसम्पादन गर्दै आएको बताउनुभयो।

मन्त्रालयकी भगवती ढुङ्गानाका अनुसार मन्त्रालयले प्रदेशका १० वटा स्थानीय तह, मोरङको उर्लाबारी नगरपालिका, केराबारी गाउँपालिका, कानेपोखरी नगरपालिका र मिक्लाजुङ गाउँपालिका, सुनसरीको रामधुनी नगरपालिका, झापाको मेचीनगर नगरपालिका र कमल गाउँपालिका, उदयपुरको कटारी नगरपालिका, इलामको सूर्योदय नगरपालिका तथा खोटाङको दिक्तेल बरुवा मजुवागढी गाउँपालिकाका रोजगार सेवा केन्द्रमार्फत यी कामलाई अझ तीव्रताका साथ अगाडि बढाएको छ।

उक्त स्थानीय तहमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पुनः एकीकरण (रेमी) परियोजनाअन्तर्गत यस्ता काम भएका हुन्। रेमी परियोजना हेल्भेटास नेपालको प्राविधिक सहयोगमा नेपाल र स्विट्जरल्याण्ड सरकारको द्विपक्षीय पहलबाट सञ्चालित छ।

मन्त्रालयका अनुसार, १० वटा स्थानीय तहका प्रत्येक रोजगार सेवा केन्द्रका चार जना कर्मचारीहरूले विदेशबाट फर्कनेहरूलाई समाजमा पुनःस्थापना गर्न विभिन्न किसिमका सुझाव, सल्लाह, उद्यमशीलता, स्वरोजगार र सीप विकास गर्न मद्दत गर्ने गरेका छन्।

अर्कोतिर वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरू आफ्नो सञ्जालमा आबद्ध भएर रिटर्नीहरूको पहिचान, परामर्श र पुनः एकीकरणका काममा रोजगार सेवा केन्द्रलाई सहयोग गरिरहेका छन्। यसै क्रममा सञ्जालमार्फत केन्द्रको सम्पर्कमा पुगेर मोरङ केराबारी-१० की जीवनकुमारी राई सामाजिक रूपमा पुनःस्थापना हुनुभएको छ। हाल उहाँ सञ्जालमा आबद्ध भएर आफूजस्तै महिलाहरूलाई सामाजिक पुनःस्थापनमा सहयोग गर्दै आफूले पनि किराना पसल सञ्चालन गर्न थाल्नुभएको छ।

सुनसरी रामधुनी नपा-१ की सकुन्तला अधिकारीचाहिँ सञ्जालमा जोडिएर नै आफ्नो जीवन जोगिएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "सञ्जालमार्फत पुनः एकीकरणमा जोडिन सफल भएँ, अझै पनि समाजसँग जुधिरहेकी छु।"

वैदेशिक रोजगारमा गएका महिलाहरूलाई समाजले हेर्ने दृष्टिकोण अझै सकारात्मक नहुँदा रिटर्नी महिलाहरूले अझै पुनःस्थापनामा चुनौती झेल्नुपरिरहेको हो। रिटर्नी महिलाहरूलाई हेर्ने दृष्टिकोणका लागि समाज सकारात्मक नभएकै कारण आजकल धेरै महिलाहरू सञ्जालमा जोडिएर सामाजिक पुनःस्थापनाका लागि सङ्घर्ष गर्न थालेका छन्।

समाजशास्त्री डा चन्द्र उपाध्याय वैदेशिक रोजगारमा गएर फर्केका महिलाहरूको सामाजिक पुनर्स्थापनामा अझै समस्या रहेकाले सबै तहका सरकारले उनीहरूले सिकेको सीप प्रमाणीकरण गराउने र मनोवैज्ञानिक परामर्श प्रदान गर्ने काममा तीव्रता दिन सके समाजको धारण चाँडै सकारात्मक हुँदै जाने बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "विदेशमा कमाएको धन, सीप तथा अनुभवलाई सरकारले ग्रहण गरेर सदुपयोग गर्न सके मात्र समाज चाँडै सकारात्मक बन्दै जान्छ। रिटर्नी महिलाहरूका लागि पुनर्स्थापना समस्या समाधानमा पनि योगदान पुग्छ।"

भुक्तभोगी रिटर्नी महिलाहरूका अनुसार वैदेशिक रोजगारमा गएर राम्रो कमाइ गर्‍यो भने घरपरिवार र समाजमा पुनःस्थापना सहज हुन्छ, तर बीचैमा फर्कनुपर्‍यो वा कुनै समस्या आएमा सामाजिक पुनःस्थापनामा निक्कै चुनौती झेल्नुपर्छ। यस्तै, रोजगारमा गएका र फर्केका महिलाहरूलाई समाजले अझै फरक दृष्टिकोणले हेर्ने गरेको उनीहरूको गुनासो छ। वैदेशिक रोजगारमा गएका सबै महिला यौन शोषणमा परेका हुन्छन् र मानसिक र शारीरिक रोग बोकेर आएका हुन्छन् भन्ने गलत धारणा समाजमा अझै व्याप्त छ।

सामाजिक विकास मन्त्रालयका अनुसार विदेशबाट विगत तीन वर्षदेखि कोशी प्रदेशमा फर्केनेको सङ्ख्या एक हजार ९३६ रहेको छ। यो सङ्ख्या खाडीमुलुक साउदी अरेबिया, दुबई, बहराइन, कतार र ओमनबाट फर्केकाहरूको हो, जबकि नेपाली नागरिक खाडी मुलुकबाहेक अन्य मुलुकमा पनि छन्। त्यहाँबाट फर्कनेहरूको सङ्ख्या उल्लेखनीय हुने अनुमान छ। खाडी मुलुकबाट फर्कनेमा शैक्षिक रूपमा स्नातक तहका ४० जना, प्रमाणपत्र तहका १२० भन्दा बढी, एसइईका ४०० भन्दा बढी, कक्षा ६ देखि ९ सम्मका ३०० हाराहारीमा रहेको र अन्य सामान्य लेखपढ गर्नसक्ने मात्र रहेको जनाइएको छ।

मोरङको उर्लाबारी नगरपालिकाका रोजगार परामर्शदाता सङगीता कार्कीले उर्लाबारीमा विगत पाँच वर्षदेखि एक हजार १७७ जना रिटर्नी रहेको जानकारी दिनुभयो। उहाँले रिटर्नीहरूमध्ये कृषि, पशुपालन र सिटी सफारी चलाउने काम गर्छन् भने कतिपयले मजदुरी गर्ने गरेको बताउनुभयो।

कार्कीले भन्नुभयो, "वैदेशिक रोजगारमा रहेको समयमा घर बनाउने, घडेरी किन्नेजस्ता कार्य गरे पनि आर्थिक बचतको क्षेत्रमा कमै काम गर्ने गरेकाले उहाँहरूमा समस्या देखिएको भन्नुभयो। वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई समाजमा पुनः एकीकरण गर्न तालिम, रोजगारीलगायतका कार्यक्रम सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ।"

स्थानीय तहले स्वरोजगार एवं उद्यमशीलताका लागि दिने तालिमका लागि १८ देखि ४० वर्ष उमेर समूहका लागि मात्र तोकिदिनाले त्यसभन्दा माथिका मानिसलाई तालिम लिन समस्या भइरहेको सामाजिक परिचालकहरूको भनाइ छ।

### सभामुख पदका ...

प्रकाशित गरी सार्वजनिक गर्न प्रदेशसभा सचिवालयलाई निर्देशन दिइएको छ।

यसअघि बुधबार नै सभामुख चयन प्रक्रिया अघि बढाइने भनिए पनि नेकपा (एमाले) को ११ औं महाधिवेशनका कारण प्रक्रिया स्थगित गरिएको थियो।

एमालेका प्रदेशसभा सदस्यहरू महाधिवेशनमा व्यस्त रहेकाले सभामुख चयन प्रक्रिया केही समयका लागि पछाडि धकेलिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

यस्तै मधेशका मुख्यमन्त्री कृष्ण यादवलले पुस ४ गते विश्वासको मत लिने कार्यक्रम तय भएको छ।

# वित्तीय सङ्घीयता कार्यान्वयन सुदृढ गर्न एडिबीको सहयोग

काठमाडौं, २ पुस (रासस)।

नेपालमा वित्तीय सङ्घीयता कार्यान्वयन, सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा तीनवटै तहका सरकारमा बजेट प्रणाली सुधारका लागि एसियाली विकास बैंक (एडिबी) ले १० करोड अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण सहयोग प्रदान गर्ने भएको छ। सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा सेवा प्रवाह सुधार कार्यक्रमअन्तर्गतको उपकार्यक्रम–२ का लागि यो ऋण सहयोग उपलब्ध गराउन लागिएको हो।

अर्थ मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा अर्थसचिव डा घनश्याम उपाध्याय र एसियाली विकास बैंकका नेपालस्थित देशीय निर्देशक आर्नो कोस्वाबीच ऋण सम्झौतामा हस्ताक्षर भएको हो। एडिबीले नीतिमा आधारित ऋणका रूपमा प्रदान गर्ने उक्त रकम बजेटरी सपोर्टका रूपमा नेपाल सरकारलाई उपलब्ध गराइनेछ।

सम्झौताअनुसार ऋणको भुक्तानी अवधि २४ वर्षको हुनेछ भने आठ वर्षको ग्रेस अवधि रहनेछ। सन् २०३४ फेब्रुअरी १ तारिखसम्म ग्रेस अवधिमा ब्याजदर एक प्रतिशत र त्यसपछि एक दशमलव पाँच प्रतिशत रहने व्यवस्था गरिएको छ।

सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा सेवा प्रवाह सुधार कार्यक्रमलाई सङ्घीयतासँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै अर्थसचिव डा उपाध्यायले बलियो वित्तीय व्यवस्थापन प्रणाली निर्माण सरकारको मुख्य लक्ष्य रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यो कार्यक्रम सङ्घीय संरचनाअनुसार तीनवटै तहका सरकारको बजेट निर्माण, कार्यान्वयन र नतिजामूलक व्यवस्थापन सुधारमा केन्द्रित छ। यसबाट समग्र बजेट प्रक्रिया सुधार भई सार्वजनिक सेवा प्रवाह प्रभावकारी बन्नेछ।"

उक्त कार्यक्रममार्फत सार्वजनिक खरिद प्रणाली सुधार, वित्तीय अनुशासन प्रवर्द्धन, राजस्व सकलन, क्षमता अभिवृद्धि तथा स्थानीय तहलाई थप सक्षम बनाउँदै समावेशी र नतिजामुखी विकासलाई अघि बढाउने अपेक्षा गरिएको छ।

कार्यक्रमबारे जानकारी दिँदै एडिबीका देशीय निर्देशक कोस्वाले यो सहुलियतपूर्ण ऋण नेपालको वित्तीय शासन सुधारमा केन्द्रित रहने बताउनुभयो। उहाँका अनुसार सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित कानुनी, संस्थागत तथा प्राविधिक सुधारमा सहकार्य गर्दै सबै तहका सरकारका लागि स्रोत योजना प्रणाली, सार्वजनिक संस्थान सूचना व्यवस्थापन प्रणाली निर्माण, मध्यमकालीन खर्च संरचना विकास तथा प्रविधिमैत्री कर प्रणाली निर्माणमा ऋण रकम प्रयोग गरिनेछ।

उहाँले भन्नुभयो, "यो कार्यक्रममार्फत वित्तीय दिगोपना सुनिश्चित गर्नुका साथै राजस्व प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। साथै सम्भावित वित्तीय जोखिम व्यवस्थापनमा सहयोग पुग्नेछ। यसले नेपालको समग्र अर्थतन्त्र सुधार र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।"

सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा अर्थ मन्त्रालयका कर्मचारी तथा अधिकारीहरू साथै एसियाली विकास बैंकका अधिकारीहरूको उपस्थिति थियो।

# महोत्तरीमा पुस ४ देखि एक महिने निःशुल्क बृहत् स्वास्थ्य शिविर आयोजना हुँदै

महोत्तरी, २ पुस (रासस)।

महोत्तरीमा यही पुस ४ गतेदेखि एक महिने परिवार व्यवस्थापन स्वास्थ्य शिविर (स्थायी बन्ध्याकरण शिविर) सुरुआत हुने भएको छ। जिल्ला स्वास्थ्य कार्यालयद्वारा सुनौलो परिवार नेपालको आर्थिक एवं प्राविधिक सहयोगमा सञ्चालन हुने सो निःशुल्क शिविरमा जिल्लाका १५ वटै पालिकाका विभिन्न ११ स्थानमा सञ्चालन हुनेछ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पछिल्लो समय परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेष गरेर बृहत् स्वास्थ्य शिविर सञ्चालनमा सेवा प्रदायक संस्थाहरूसँग थप सहकार्य र साझेदारीलाई समन्वयात्मक नीति लिएको छ। यसबाट परिवार व्यवस्थापन सेवा थप प्रभावकारी भएको जनाइएको छ। मन्त्रालयले परिवार व्यवस्थापनको घरदैलो सेवासमेत उपलब्ध गराउँदै आएको छ।

जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमै बन्ध्याकरण शिविर आयोजना गर्ने समझदारीको ढाँचामा सेवा प्रदान गर्न थालिएको छ।

कार्यालयका प्रमुख नवलकिशोर साहले बृहत् स्वास्थ्य शिविरमा सन्तानका इच्छा पुरा भएका महिला, पुरुषहरूले स्थायी बन्ध्याकरण गराउन सकिने एवं परिवार व्यवस्थापनका अन्य सेवा लिन सकिने जानकारी दिनुभयो। शिविरका 'फोकल पर्सन' सृजना यादवले शिविरमा महिलाहरूका लागि मिनील्याप र पुरुषको लागि 'भ्याक्सेटोमी सर्जरी'सहित आइयुसिडी र इम्प्लान्टको सेवासमेत प्रदान गरिने बताउनुभयो।

शिविरमा जिल्लाका १० नगरपालिकासहित पाँच गाउँपालिकाका ८७४ जनालाई स्थायी बन्ध्याकरणका सेवा उपलब्ध गराइने लक्ष्य रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। शिविर यही पुस ४ गते जिल्लाको गौशाला नगरपालिकाको गौशाला अस्पतालबाट सुरु हुनेछ।

यसैगरी स्वास्थ्य शिविर यही पुस ४ र ५ गते गौशालामा सञ्चालन हुनेछ भने ७ र ८ गते बर्दिवास नगरपालिकाको बर्दिवास अस्पताल, १० र ११ गते औरही नगरपालिकाको औरही अस्पतालमा सञ्चालन हुने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

यसैगरी १३ र १४ गते एकडारा गाउँपालिकास्थित एकडारा स्वास्थ्यचौकी, १६ र १७ गते बलवा नगरपालिकास्थित धमौरा स्वास्थ्यचौकी, १९ र २० गते रामगोपालपुर नगरपालिकास्थित रामगोपालपुर स्वास्थ्य केन्द्र, २२ गते सम्सी गाउँपालिकास्थित सम्सी स्वास्थ्य केन्द्र, २४ र २५ गते सोनमा गाउँपालिका स्थित सुन्दरपुर आधारभूत स्वास्थ्य केन्द्र, २७ र २८ गते पिपरा गाउँपालिकास्थित पिपरा अस्पताल, ३० गते मटिहानी नगरपालिकास्थित मटिहानी स्वास्थ्यचौकी र आगामी माघ २ र ३ गते भंगहा नगरपालिकाको भंगहा स्वास्थ्यचौकीमा शिविर सञ्चालन हुनेछन्।

# जुम्लामा १८ हजार मेट्रिकटन स्याउ उत्पादन

जुम्ला, २ पुस (रासस)।

जुम्लामा यो वर्ष करिब १८ हजार २४५ मेट्रिकटन स्याउ उत्पादन हुँदा रु ४१ करोड २९ लाख ८९ हजार आम्दानी भएको छ। जिल्लस्थित कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार यहाँका आठवटै स्थानीय तहका २४ हजार ८३८ परिवारमध्ये १९ हजार १५० परिवार स्याउखेतीमा संलग्न छन्।

जिल्लामा कूल खेतीयोग्य जमिन ३९ हजार ४३५ हेक्टर रहेको कार्यालयले जनाएको छ। त्यसमध्ये स्याउखेती गरिने क्षेत्रफल आव २०८१/८२ मा चार हजार ३२५ हेक्टर रहेकामा चालु आवमा बढेर चार हजार ४४५ हेक्टर पुगेको कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार चालु आवमा दुई हजार १२५ हेक्टरमा मात्रै स्याउ फलेको हो।

पछिल्लो समय जिल्लामा स्याउखेती गर्ने किसान बढ्दै गएका छन्। आव २०८१/८२ मा स्थानीय जातका र उच्च घनत्व (फुजी) स्याउको कूल उत्पादन आव २० हजार ५१२ मेट्रिकटन भएको थियो। चालु आवमा उत्पादन घटेर १८ हजार २४५ मेट्रिकटन भएको कृषि विकास कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार यो वर्ष असिना र बेमौसमी वर्षाले गर्दा १० प्रतिशतले उत्पादन घटेको हो।

अहिले एक हजार ७६५ मेट्रिकटन स्याउ भण्डारगृहमा राखिएको छ। यो वर्ष जिल्लामा स्याउ बिक्रीमा संलग्न किसान सात हजार ३५० र व्यापारी ६०३ रहेका कृषि विकास कार्यालय प्रमुख अधिकारीले बताउनुभयो। नासो र कोसेलीमार्फत दुई हजार ६४८ मेट्रिकटन स्याउ जिल्लाबाट निर्यात भएको उहाँले जानकारी दिनुभयो।

जिल्लामा हाल ५२ हेक्टर क्षेत्रफलमध्ये ४० हेक्टरमा उच्च घनत्वको स्याउ उत्पादन हुने गरेको छ। यो वर्ष जिल्लामा ५८६ मेट्रिकटन उच्च घनत्व जातको स्याउ उत्पादन भएको जनाउँदै उहाँले त्यसमध्ये ४२७ मेट्रिकटन निर्यात भएको बताउनुभयो।

जिल्लामा हाल उत्पादित स्याउका जातहरूमा 'रेडडेलिसियस', 'रोयलडेसियस', 'गोल्डेन डेलिसियस', 'रिचारेड' र 'जनाधन' रहेका कृषि विकास कार्यालयले जनाएको छ। हाल उत्पादित उन्नत जातमध्ये फुजी गाला (इटालियन जात)को स्याउखेती हुने गरेको प्रमुख अधिकारीको भनाइ छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले नयाँ सिफारिस गरेका जातमध्ये 'स्टारकिमसन', 'डेलिसियस', 'बाइट एन अर्ली' र 'स्टार्क स्पर गोल्डेन' जात रहेका भन्दै उहाँले सोको खेतीबारे अध्ययन भइरहेको जानकारी दिनुभयो। गत वर्षको तुलनामा स्याउ उत्पादन कम भए पनि यो वर्ष किसानले मूल्य पाएकाले आम्दानी भने बढी भएको अनुमान गरिएको उहाँले बताउनुभयो।

## विश्व समाचार

### ट्रम्पद्वारा थप सात देश र प्यालेस्टाइनमाथि पूर्ण यात्रा प्रतिबन्ध

वासिङ्टन, २ पुस (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार सिरियासहित थप सात देशका नागरिक र प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूलाई संयुक्त राज्य अमेरिका प्रवेशमा पूर्ण यात्रा प्रतिबन्ध लगाउने निर्णय गर्नुभएको छ। यस कदमसँगै राष्ट्रियताको आधारमा मात्र अमेरिका प्रवेशमा रोक लगाइएका देशहरूको सङ्ख्या करिब ४० पुगेको छ। यसका साथै पश्चिमी देशहरूबाट हुने नियमित यात्रामा समेत नियमहरू थप कडा पारिएका छन्। आप्रवासनप्रति कठोर दृष्टिकोणलाई आफ्नो प्रमुख राजनीतिक एजेन्डा बनाउँदै आउनुभएका राष्ट्रपति ट्रम्पले सामूहिक निर्वासनको आदेश जारी गरिसक्नुभएको छ भने गैर-श्वेत आप्रवासीहरूविरुद्धको कडा अभिव्यक्ति पनि तीव्र बन्दै गएको छ। ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा 'अमेरिकीहरूलाई धम्की दिन सक्ने' विदेशी नागरिकहरूलाई रोक्न प्रतिबन्ध लगाइएको उल्लेख गरिएको छ। साथै, अमेरिकाको संस्कृति, सरकार, संस्था तथा संस्थापक सिद्धान्तहरूलाई कमजोर पार्न खोज्ने व्यक्तिहरूलाई देशभित्र प्रवेश नदिन चाहिएको भनिएको छ। लामो समयसम्म शासक बशर अल-असदको पतनपछि अन्तर्राष्ट्रिय समुदायमा पुनःस्थापना हुने प्रयासमा रहेको सिरियामाथि यो प्रतिबन्ध त्यतिबेला लगाइएको छ जतिबेला केही दिनअघि त्यहाँ दुई अमेरिकी सैनिक र एक सर्वसाधारण मारिएका थिए।

सिरियाली अधिकारीहरूका अनुसार ती घटनाका आरोपी सुरक्षा बलका पूर्वसदस्य थिए, जसलाई 'चरमपन्थी इस्लामवादी विचार' का कारण बर्खास्त गरिएको थियो। यसैबीच, फ्रान्स र बेलायतलगायत केही पश्चिमी देशहरूले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको विरोधमा ट्रम्प प्रशासनले इजरायलसँग ऐक्यबद्ध हुँदै प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूमा अनौपचारिक यात्रा प्रतिबन्ध लागू गरिसकेको थियो, जसलाई अहिले औपचारिक बनाइएको छ। पूर्ण यात्रा प्रतिबन्धमा परेका नयाँ देशहरूमा अफ्रिकाका बुर्किना फासो, माली, नाइजर, सिएरा लियोन र दक्षिण सुडान, साथै दक्षिणपूर्वी एसियाको लाओस रहेका छन्। यसबाहेक, नाइजेरिया, आइभोरी कोस्ट र सेनेगललगायत केही अफ्रिकी देशका नागरिकमाथि आंशिक यात्रा प्रतिबन्ध लगाइएको छ। यी देशहरू अमेरिका, क्यानाडा र मेक्सिकोमा आयोजना हुने आगामी विश्वकप फुटबलका लागि योग्य भए पनि ट्रम्प प्रशासनले खेलाडीहरूलाई मात्र प्रवेश अनुमति दिने स्पष्ट पारेको छ, प्रशंसकहरूका हकमा कुनै प्रतिबद्धता जनाएको छैनऋबस।

आंशिक प्रतिबन्धमा परेका अन्य देशहरूमा एङ्गोला, एन्टिगुआ र बार्बुडा, बेनिन, डोमिनिका, ग्याबोन, गाम्बिया, मलावी, मौरितानिया, तान्जानिया, जाम्बिया, जिम्बाब्वे तथा पोलिनेसियाली देश टोङ्गा रहेका छन्। यीमध्ये केही देश अमेरिकाका महत्त्वपूर्ण साझेदारसमेत रहेका छन्, जसलाई पूर्वराष्ट्रपति जो बाइडेनले लोकतन्त्रप्रतिको प्रतिबद्धताका लागि प्रशंसा गर्नुभएको थियो। शरणार्थी अधिकारका पक्षमा काम गर्ने इसाई संस्था ग्लोबल रिफ्युजले यात्रा प्रतिबन्धले कमजोर र जोखिममा परेका मानिसहरूलाई झनै अप्ठ्यारो अवस्थामा धकेल्ने चेतावनी दिएको छ। संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत कृष ओ'मारा विग्नाराजाहले व्यक्तिगत र प्रमाणमा आधारित मूल्याङ्कनको सट्टा सम्पूर्ण जनसङ्ख्यालाई सजाय दिने नीति अपनाइएको आरोप लगाउनुभएको छ। राष्ट्रपति ट्रम्पले पछिल्ला सार्वजनिक कार्यक्रममा आप्रवासीहरूलाई लक्षित गर्दै विवादास्पद भाषा प्रयोग गर्दै आउनुभएको छ।

यसअघि नै सोमाली नागरिकहरूको प्रवेशमा प्रतिबन्ध लगाइसकिएको छ भने अफगानिस्तान, इरान, लिबिया, सुडान, यमनलगायत देशहरू पनि पूर्ण यात्रा प्रतिबन्धमा रहेका छन्। यसै क्रममा ह्वाइट हाउसले तुर्कमेनिस्तानले गरेको 'महत्त्वपूर्ण प्रगति' लाई स्वीकार गर्दै त्यस देशका नागरिकलाई गैर-आप्रवासी भिसामा अमेरिका प्रवेशको अनुमति पुनः दिन थालिएको जनाएको छ। तर समग्रमा हेर्दा, राष्ट्रपति ट्रम्पको पछिल्लो निर्णयले अमेरिकी आप्रवासन नीतिलाई अझै कठोर बनाएको स्पष्ट देखिएको छ।

### बोन्डी अभियुक्तलाई अष्ट्रेलियाली प्रहरीद्वारा ५९ वटा अपराधको आरोप

सिड्नी, २ पुस (रासस/सिन्ह्वा)।

सिड्नीको बोन्डी समुन्द्र तटमा भएको घातक सामूहिक गोलीबारीको जीवित कथित अपराधी नावीद अकवरलाई ५९ वटा अपराधको आरोप लगाइएको अस्ट्रेलियाली प्रहरीले बुधबार जनाएको छ। अस्ट्रेलियाको न्यू साउथ वेल्स (एनएसडब्लु) राज्यको प्रहरी बलले बुधबार दिउँसो २४ वर्षीय अकरमलाई ५९ वटा अपराधको आरोप लगाएको छ, जसमा १५ वटा हत्या र एक आतंककारी कार्य गरेको आरोप लगाइएको छ। अधिकारीहरूका अनुसार नाभिद र उनका बुबा साजिद अकरमले आइतबार सिड्नीको प्रसिद्ध बोन्डी समुन्द्र तटमा भएको यहुदी उत्सवमा गोली चलाउँदा १५ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका थिए।

मङ्गलबार कोमाबाट उठेपछि बुधबार अकरम प्रहरीको निगरनीमा अस्पतालमा उपचाररत रहेको जनाइएको छ। दोस्रो कथित बन्दुकधारी, अकरमका ५० वर्षीय बुबा साजिदको रूपमा पहिचान गरिएको छ, जसको आक्रमण स्थलमा प्रहरीको गोली लागेर मृत्यु भएको थियो। हत्या र आतङ्कवाद अपराधका साथै, नावीद अकरमलाई गम्भीर शारीरिक क्षति पुर्‍याउने उद्देश्यले बन्दुक चलाएको, सार्वजनिक रूपमा प्रतिबन्धित आतङ्कवादी प्रतीक प्रदर्शन गरेको र क्षति पुर्‍याउने उद्देश्यले भवनमा विस्फोटक राखेको र हत्याको उद्देश्यले घाइते भएको ४० वटा अभियोग लगाइएको थियो।

अधिकारीहरूले आक्रमण इस्लामिक स्टेटको विचारधाराबाट प्रेरित भएको र नावीद अकरमको गाडीमा इस्लामिक स्टेटका दुईवटा झण्डा र इम्प्रोभाइज्ड विस्फोटक उपकरणहरू फेला परेको पुष्टि गरे। आक्रमणपछि साजिद अकरमसहित १० देखि ८७ वर्ष उमेर समूहका १६ जनाको मृत्यु भएको पुष्टि भएको थियो। आक्रमण पछि चार बालकसहित ४१ जना घाइतेलाई उपचारका लागि अस्पताल लगिएको जनाइएको छ। बुधबार सम्म, २० जना घाइते व्यक्तिहरू सिड्नी अस्पतालमा उपचाररत रहेका मध्ये पाँच जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

# विष्णुपुरको वडा २ बालविवाह मुक्त घोषणा




**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**
सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. २ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

स्थानीय जनता आधारभुत विद्यालयमा बुधबार आयोजित एक समारोह बीच सो वडालाई बालविवाह मुक्त घोषणा गरिएको हो ।

वडाअध्यक्ष भोगेन्द्र यादवको अध्यक्षतामा आयोजित समारोहमा प्रमुख अतिथि वडा ३ का अध्यक्ष राजेन्द्र प्रसाद सदायले बालविवाह मुक्त लेखिएको ब्यानर पढेर घोषणा सभाको उद्घाटन गरे ।

वडालाई बालविवाह मुक्त बनाउन सफल भएकोमा वडावासीलाई बधाई दिदै उनले यसलाई कायम राख्न सबै पक्षको उत्तिकै जिम्मेवारी रहेको उल्लेख गरे ।

सेभ द सप्तरीका अध्यक्ष ध्रुव देवले जिल्लालाई नै बालविवाहमुक्त बनाउने योजना रहेको सुनाउँदै बालविवाहले निम्त्याउने स्वास्थ्य, पारिवारिक, समाजिक तथा आर्थिक समस्याका बारेमा चलाइएको सचेतना अभियानलाई प्रभावकारी ढंगले अघि बढाइने जनाए ।

वडालाई बालविवाह मुक्त घोषणा गर्न विगत एक वर्षदेखी सेभ द सप्तरी, सेभ द चिल्ड्रनको सहयोग तथा वडा कार्यालयलले सबैको साथ लिई बालविवाह मुक्त अभियान संचालन निर्देशीका २०८० बमोजिम गरेको विभिन्न कार्यक्रम अभियान र प्रयास पश्चात १२ बुँदे स्पष्ट सूचक प्राप्त भएकाले त्यसैका आधारमा यस्तो घोषणा गरिएको सेभ द सप्तरीका कार्यक्रम प्रबन्धक संजिव चौधरीले बताए ।

अभिभावकले समेत सन्तानको उमेर नपुगी बालविवाह नगर्न⁄नगराउने कतै भए सहभागी नभई विरोध र अवरोध गर्ने प्रतिबद्धता जनाएपछि बालविवाह मुक्त वडा घोषणा गर्न सहज भएको सेभ द सप्तरीका अध्यक्ष देवको भनाई छ ।

घोषणा सभामा विष्णुपुर गाउँपालिकाका कार्यपालिका सदस्य सत्यदेव साह, वडा सदस्य तुलसी यादव, रम्भादेवी खंग, स्वास्थ्य शाखा संयोजक सोनीकुमारी झा, समाजसेवी रघुनन्द साहलगायत विभिन्न व्यक्तिहरुले शुभकामना दिएका थिए ।

# उच्छृङ्खल गतिविधि गर्नेलाई कानुनबमोजिम कारबाही हुन्छ : राष्ट्र बैंक

काठमाडौं, २ पुस (रासस) ।
पछिल्ला दिनमा भएका बैंक तथा वित्तीय संस्था लक्षित घटनाका सम्बन्धमा नेपाल राष्ट्र बैंकले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सरकार, केन्द्रीय बैंक र बैंक तथा वित्तीय संस्थासमेतको संयुक्त प्रयासअनुरूप सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति पुगेको कारण स्थानीयस्तरमा नै सर्वसाधारणसँग रहेको रकम निक्षेप राख्न, कर्जा लिन, विप्रेषण तथा सामाजिक सुरक्षा रकमलगायतका वित्तीय सेवा प्राप्त गर्न सहज स्मरण गराएको छ ।

“बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको निर्देशनको अधिनमा रही कर्जा प्रवाह गर्नु, प्रवाह गरेको कर्जासम्बन्धी परियोजनाहरूको अनुगमन गर्नु र कर्जा असुलउपर गर्नु सम्बन्धित बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्य हो”, केन्द्रीय बैंकले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणबाट निक्षेप संकलन गरी कर्जा प्रवाह गर्ने भएकोले कर्जा फिर्ता नभएमा निक्षेप फिर्ता गर्न नसक्ने, तरलतामा प्रभाव पर्ने हुँदा ऋणीले लिएको कर्जा भुक्तानी नियमित रूपमा गर्नुपर्ने उल्लेख गरेको छ ।

कुनै प्रतिकूल परिस्थितिका कारण ऋण भुक्तानीमा परेको असहजतालाई सम्बोधन गर्न नेपाल राष्ट्र बैंकले समय समयमा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्नसक्ने लगायतका व्यवस्था गरी सहजीकरण गर्दै आएको विज्ञप्तिमा स्पष्ट पारिएको छ ।

बैंकिङ कारोबार सम्बन्धमा कुनै गुनासो भएमा सम्बन्धित संस्था र यस बैंकमा गुनासो सुनुवाइको व्यवस्था रहेकोले ग्राहकलाई मर्का परेमा गुनासो गर्न र समाधान गर्न सकिने व्यवस्था समेत रहेको राष्ट्र बैंकले जनाएको छ ।

बैंक तथा वित्तीय संस्था र ती संस्थामा कार्यरत कर्मचारीविरुद्ध भएका गैरव्यावसायिक तथा उच्छङ्खल गतिविधि नियन्त्रण नभएमा वित्तीय साधन परिचालनमा कठिनाइ हुने भएकाले वित्तीय सेवा प्रभावित हुने क्रियाकलापमा संलग्न नहुन सम्बन्धित सबैलाई जानकारी गराएको छ ।

बैंक तथा वित्तीय संस्था र ती संस्थामा कार्यरत कर्मचारीसँग गैरजिम्मेवार व्यवहार गर्ने तथा उच्छ्ङ्खल गतिविधिमा संलग्न व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही हुने भएकाले वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीलाई मनोबल उच्च राखी कार्य गर्न नेपाल राष्ट्र बैंकले अनुरोध गरेको छ ।

# जापानिज ‘इन्सेफ्लाइटिस’ बाट पाँच महिनामा ६ जनाको मृत्यु

चितवन, २ पुस (रासस) ।
जिल्लाका विभिन्न अस्पतालमा उपचार गर्न आएका जापानिज इन्सेफ्लाइटिस सङ्क्रमितमध्ये छ जनाको मृत्यु छ । गत साउनयता अस्पताल आएका १७ जना सङ्क्रमितमध्ये छ जनाको मृत्यु भएको हो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख निर्मल घिमिरेका अनुसार मृत्यु हुनेमा दुई जना भरतपुर महानगरपालिका, एक जना खैरहनी नगरपालिका, दुई जना राप्ती नगरपालिका र एक जना कालिका नगरपालिकाका रहेका छन् । उनीहरूमध्ये एक जना ८९, एक जना ८१, दुई जना ७०, एक जना ४२, एक जना ३९ वर्षका रहेका छन् ।

सङ्क्रमितमध्ये १० जना महिला हुन भने सात जना पुरुष रहेका छन् । उनीहरूमध्ये तीन जना १५ वर्षमुनिका, पाँच जना १५ देखि ६० वर्षभित्रका र नौ जना ६० वर्षमाथिका रहेका छन् । सङ्क्रमितमध्ये १५ जनाले खोप नलगाएको र दुई जनाले खोप लगाए- नलगाएको बारे स्पष्ट नरहेको उहाँले जानकारी दिनुभयो । सङ्क्रमितमध्ये सात जना भरतपुर महानगरपालिका भित्रका रहेका छन् ।

यस्तै खैरहनी नगरपालिकाका चार जना, माडी नगरपालिकाका एक जना, रत्ननगर नगरपालिकाका एक जना, राप्ती नगरपालिकाका दुई जना, कालिका नगरपालिकाका दुई जना रहेका छन् ।

यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो । यो लामखुट्टे घर बाहिर बस्न रुचाउने, घर बाहिरनै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ । यो लामखुट्टेले सङ्क्रमित सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपन्छीलाई टोक्यो भने सर्दछ । धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गर्दछ ।

# वीरगञ्ज भन्सारद्वारा पाँच महिनामा ९६ अर्ब ३८ करोड राजस्व सङ्कलन

पर्सा, २ पुस (रासस) ।
वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा रु ९६ अर्ब ३८ करोड राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने रु १२ अर्ब एक करोडअर्थात् १४ प्रतिशत बढी राजस्व सङ्कलन गरेको हो । जबकी कार्यालयले गत आवको पाँच महिनामा भने रु ८४ अर्ब ३७ करोड राजस्व सङ्कलन गरेको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको पाँच महिनामा राजस्व सङ्कलन उत्साहजनक रहेको बताउनुभयो । “कार्यालयले मङ्सिर महिनामा रु २१ अर्ब ३३ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । तर, कार्यालयले सो महिनामा मात्रै लक्ष्यको ९८ प्रतिशतअर्थात् रु २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको छ ।”

प्रमुख भन्सार प्रशासक ज्ञवालीले चालु आवको पाँच महिनामध्ये सबैभन्दा धेरै राजस्व पनि मङ्सिर महिनामा सङ्कलन भएको बताउनुभयो । साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोज महिनामा रु १९ अर्ब नौ करोड राजस्व सङ्कलन भएको थियो ।

त्यस्तै कात्तिक महिनामा रु १७ अर्ब ३३ करोड र मङ्सिर महिनामा भने रु २० अर्ब ८० करोड राजस्व सङ्कलन भएको छ । भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयालाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । हालसम्मको पाँच महिनामा वार्षिक लक्ष्यको ८७ प्रतिशत राजस्व सङ्कलन भएको छ ।

***ध्यान दिवसमा ...***

ठाकुरले तिलाठी कोईलाडी गाउँपालिकास्थित दुःख मोचन आश्रममा सो कार्यक्रम हुने बताउँदै भारतका चर्चित महन्थ एवं आर्चाय श्री सत्येन्द्र कुमार जीद्वारा समारोहमा प्रवचन तथा ध्यानको महत्व बारे प्रस्तुती हुने कार्यक्रम रहेको जानकारी दिए ।

उनले पुस ६ (२१ डिसेम्बर) का दिनलाई संयुक्त राष्ट्र संघको आह्वानमा विश्व भर नै ध्यान दिवस मनाउन लागिएको जानकारी दिदै यसमा सहभागी हुन र शान्ति तथा मानव कल्याणका लागी योगदान गर्न सबैसंग आग्रह गरे ।

पत्रकार सम्मेलनमा उनका धर्मपत्नी एवं विघटित प्रतिनिधी सभा सदस्य रञ्जु झा (ठाकुर) ले मानव कल्याणका लागी गर्न लागिएको उक्त धार्मिक समारोहले कुलतमा लागेका यूवाहरुलाई सही मार्गदर्शन प्राप्त गर्ने बताईन ।

महन्थ श्री सत्येन्द्र दिव्यशक्ती प्राप्त भएको ज्ञाताका रुपमा मानिन्छ । ध्यान दिवसलाई पर्वको रुपमा मनाउने गरी आवश्यक तयारी गरिएको फाउण्डेशनले जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८२/०८३ मितिः २०८२/०८/२९
च.नं.

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

रैती नं. ६६ मुगा लाल कामीको नाममा दर्ता रहेको साविक प्रगन्ना रायझमुना मौजे हटेलको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. तरही वडा नं. ६ हाल परिवर्तित डाक्नेश्वरी न.पा. वडा नं. ३ वस्ने मनु मिझार कामीको नाति मुगा लाल विश्वकर्माको छोरा उदय शंकर विश्वकर्माको यस कार्यालयमा द.नं. ७६५० मिति २०८२/०८/१७ गतेमा निवेदन परि हकदावी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्ने मिति २०८२/०८/२९ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १४६२ | तरही | ६ | २४४ | ०-०-१४ | मुगालाल कामी | फिल्डबुक को किसान महलमा पोखरीको डिल जनिएको कैफियत महलमा यो जग्गा तरही वडा नं. ६ बस्ने मुगालाल कामीको नम्बरी हो भनि उल्लेख रहेको । |

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*